प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७६/७७, च.नं. ९३४८

मितिः २०७७/०३/२४

**विषयः आर्थिक वर्ष २०७७/७८ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह सबै (११९),
बागमती प्रदेश।

आर्थिक वर्ष २०७७/७८ को विभिन्न निकायले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि संवैधानिक व्यवस्था तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरूप २०७७ असार १ गते प्रदेश सभामा राजस्व र व्ययको विवरण तथा विनियोजन विधेयक पेश भइसकेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। उक्त विधेयकमा व्यवस्था भए अनुरूप अनुदान दाखिला, योजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुँदा ती प्रावधानहरू सहितको मार्गदर्शन मिति २०७७/३/२४ को निर्णयानुसार (मा.मन्त्रीस्तर) यहाँको जानकारी तथा प्रभावकारी कार्यान्वयनको लागि पठाएको छु। विधेयकका यी प्रावधानहरु सहितको मार्गदर्शनबाट वित्तीय हस्तान्तरण र योजना वा कार्यक्रम कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु।

**अन्तर सरकारी वित्तीय हस्तान्तरण र कार्यान्वयन सम्बन्धमा**

१. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र वैशाख ३० गते गरी चार किस्तामा दाखिला गर्नेछ।

२. मुलुकमा विपद वा कुनै असामान्य परिस्थित उत्पन्न भई प्रदेशको लक्ष्य अनुरुप राजश्व संकलन हुन नसकेमा बागमती प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो बापतको रकम संकलित राजश्वको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा ईकाई कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नेछ।

३. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, वैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र बुझाइसक्नुपर्नेछ ।

४. बुदा नं.२ बमोजिम प्रदेश सरकारबाट पुनः किस्ता निर्धारण भएको अवस्थामा प्रदेश सरकारले निर्धारण गरेको समयमा खर्च भएको रकमको विवरण बुझाउनु पर्नेछ। यस्तो विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सञ्चित कोषमा दाखिला गरिने छैन।

५. सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान बापतको रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा ईकाई कार्यालयले सम्बन्धित स्थानीय सञ्चित

सचिव

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com,
URL: moeap.p3.gov.np

प.सं. १३/०७६/७७, च.नं. मिति: २०७७/०३/२४

कोषमा आर्थिक वर्षको भाद्र १५ गते, कार्तिक १५ गते, माघ १५ गते र बैशाख ३० गते गरी चार किस्तामा दाखिला गर्नेछ।

६. सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्नेछ। त्यस्तो कार्ययोजनाको साथमा सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान २०७७ श्रावण मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा र प्रदेश लेखा ईकाई कार्यालय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ।

७. बुँदा नं. ६ बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालयमा चालु आर्थिक वर्षको कार्तिक १ गते, माघ १ गते, बैशाख १ गते र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्त भित्र पेश गर्नु पर्नेछ।

८. बुदा नं. ७ बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको बाँकी किस्ता रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिने छैन।

९. समपूरक अनुदान तथा विशेष अनुदानका योजना/कार्यक्रमहरुका सम्बन्धमा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

१०. सशर्त अनुदान र विशेष अनुदानका कार्यक्रमहरु सञ्चालन गर्दा बोलपत्र स्वीकृत पश्चात हुन आउने बचत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ। समपूरक अनुदानका योजनाहरुको हकमा बोलपत्र स्वीकृत भई हुने बचत रकममा प्रदेश सरकारको हिस्सा बराबरको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

११. सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानका स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत आगामी आर्थिक वर्षको भदौ १० गते भित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ। बचत रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

१२. राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम विभाज्य कोषमा जम्मा गरी मासिक रूपमा महिना समाप्त भएको २५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा निजले तोकेको प्रदेश लेखा इकाई कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

सचिव

१३. सशर्त अनुदानबाट संचालन हुने योजना वा कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक पर्ने खर्चका मापदण्ड लगायतका विषयमा प्रदेशको सम्बन्धित विषयगत मन्त्रालयसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ।

१४. सशर्त अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमको भौतिक र वित्तीय प्रगति विवरण सम्बन्धित विषयगत मन्त्रालयमा त्रैमासिक तथा वार्षिक रुपमा पठाउनु पर्नेछ।

**वित्तीय अनुशासन**

१५. स्थानीय तहले आफुले उठाएको राजस्व, बाँडफाँटबाट प्राप्त राजस्व र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमा प्राप्त भएको अनुदान रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

१६. कानून बनाउँदा देहायका कुराहरुको पालना हुने व्यवस्था मिलाउनु पर्नेछः

क. प्रदेशको आर्थिक तथा वित्तीय नीति अनुशरण गर्ने।

ख. सवै आय आफ्नो सञ्चित कोषमा दाखिला गर्ने।

ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने।

घ. पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने

ङ. आय व्ययको वर्गीकरण र लेखाँकन प्रचलित कानूनले निर्धारण गरे बमोजिम राख्नुपर्ने।

१७. प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको वार्षिक आय र व्ययको एकिकृत आर्थिक विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा स्थानीय तहले निर्धारित ढाँचामा आय र व्ययको विवरण सम्बन्धित निकासा दिने कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको मितिले पैंतीस (३५) दिनभित्र पठाउनुपर्नेछ।

१८. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को प्रयोजनार्थ, स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समक्ष पेश गर्नु पर्नेछ । दोस्रो चौमासिकको आय व्ययको विवरण पेश गर्दा तेस्रो चौमासिकमा हुन सक्ने आय र व्ययको अनुमान समेत पेश गर्नुपर्नेछ। तोकिएको अवधिभित्र विवरण पेश हुन नआएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का गर्न सक्नेछ ।

१९. प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा हस्तान्तरण गरेका समपूरक तथा विशेष अनुदानका योजनाहरुमा विनियोजित रकम आर्थिक वर्ष २०७६/७७ मा ठेक्का अवधि भित्र कार्यान्वयन गर्ने गरी म्याद थपको स्वीकृती लिई कार्यान्वयन गर्दा बचत रहेको रकम आर्थिक वर्ष २०७७/७८ को श्रावण २५ गते भित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।

सचिव

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७६/७७, च.नं.

मिति: २०७७/०३/२४

२०. प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ मा रहेको अर्को आर्थिक वर्षमा खर्च गर्ने स्वीकृति लिने सम्बन्धी व्यवस्था विनियोजन ऐन, २०७६ तथा विनियोजन ऐन, २०७७ ले हटाएकोले सोही अनुसार कार्यान्वयन गर्नु-गराउनुपर्नेछ ।

आर्थिक वर्ष २०७७/७८ को बागमती प्रदेशको बजेटसँग सम्बन्धित प्रकाशनहरु यस मन्त्रालयको website https://moeap.p3.gov.np हेर्न र डाउनलोड गर्न सकिन्छ।

.........................................

(डा. मुकुन्द पौडयाल)
सचिव

**बोधार्थ:**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश, हेटौंडा।

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ।

श्री महालेखा नियन्त्रकको कार्यालय, काठमाण्डौ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश, हेटौंडा।

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com,
URL: moeap.p3.gov.np